मिति २०७५/०३/१० वैठक संख्याः २३

आज मिति २०७५/०३/१० गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्री बुद्धि प्रसाद भुसाल | प्रशासन शाखा |
| | विष्णु प्रसाद ढकाल | आर्थिक शाखा |

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २२ मिति: २०७५।०३।१०

प्रस्तावहरु

१) देवघाट गाउँपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन संशोधन, २०७४ मा संशोधन

२) आर्थिक विधेयक स्विकृत

३) विनियोजन विधेयक

४) विषयगत समितिवाट प्राप्त योजना, कार्यक्रम तथा सुझावमा थप घट तथा संशोधन सहित पारित

५) विधेयक प्रस्तुत

६) नीति, कार्यक्रम तथा बजेट प्रस्तुत

७) तेस्रो गाउँ सभा मर्यादित रुपमा सञ्चालन गर्न आ आफ्नो क्षेत्रवाट सहयोग गर्ने

निर्णयहरु

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा देवघाट गाउँपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ मा संशोधन स्विकृत गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक विधेयक, २०७५ स्विकृत गरियो र स्विकृतिकालागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा विनियोजन विधेयक, २०७५ स्विकृत गरियो र स्विकृतिकालागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा विषयगत समितिवाट प्राप्त नीति, कार्यक्रम तथा बजेट सुझावमा थप घट तथा संशोधन सहित स्विकृत गरियो र स्विकृतिकालागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल अनुसारका विषयगत समितिका संयोजकले गाउँ सभामा विधेयक प्रस्तुत गर्ने निर्णय गरियो ।

क) आर्थिक विधेयक, २०७५,– श्री पदम वहादुर गुरुङ्ग

ख) विनियोजन विधेयक, २०७५,–श्री पदम वहादुर गुरुङ्ग

६) प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवघाट गाउँपालिकाको आ.व. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट अध्यक्ष श्री दुर्ग वहादुर थापावाट प्रस्तुत गर्ने निर्णय गरियो ।

७) प्रस्ताव नं. ९ माथि छलफल गर्दा तेस्रो गाउँ सभा मर्यादित रुपमा सञ्चालन गर्न आ आफ्नो क्षेत्रवाट सहयोग गर्ने निर्णय गरियो ।

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २३ मितिः २०७५।०३।३१

प्रस्तावहरु

१) समीक्षा

२) कानूनी र प्रेश सल्लाहकार

३) दररेट निर्धारण कार्यदल गठन

४) ईलाका वन कार्यालय भवन मर्मत र कृषि, पशु स्वास्थ्य कार्यालय राख्ने

५) खाली सार्वजनिक जग्गामा वृक्षरोपण गर्ने

६) विविध

निर्णयहरु

बैठक संख्या २३ का प्रस्तावहरु माथी छलफल गर्दा तपसिल अनुसारका निर्णयहरु गरियो।

(१) गत वैठकका निर्णयहरुको कार्यान्वयन, प्रगतिका विषयमा समीक्षा गरियो

२) गाउँपालिकाको कानूनी विषयमा परामर्श दिनको लागी भरतपुर ११, चितवनका जगन्नाथ भण्डारीलाई कानूनी सल्लाहकारको रुपमा र गाउँपालिकाको सूचना तथा संचारका विषयमा सल्लाह दिन, सूचना संकलन र सम्प्रेषणको क्षेत्रमा सहयोग पुर्याउन, एक प्रेश सल्लाहकारको आवश्यक परेकोले देवघाट, ५, चितवनका पत्रकार आषिश रानासंग प्रेश सल्लाहकारको रुपमा परामर्श सेवा सम्झौता गर्ने निर्णय गरियो ।

३) आ.व. २०७५।०७६ का लागी गाउँपालिका दररेट निर्धारण गरि कार्यपालकामा सिफारिस गर्नको लागी तपसिल अनुसारको दररेट निर्धारण कार्यदल गठन गरियो । साथै नयाँ दररेट निर्धारण नहुँदा सम्मको लागी आ.व. २०७४।०७५ मा निर्धारण भएको दररेट अनुसार काम गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १) अध्यक्ष श्री दुर्ग वहादुर थापा | अध्यक्ष |
| २) उपाध्यक्ष श्री विमला थापा | सदस्य |
| ३) प्र.प्र.अधिकृत श्री रमेश सुवेदी | सदस्य |
| ४) सवै वडाका वडाध्क्षहरु | सदस्य |
| ५) ई. तिर्थराज ढुङ्गाना | सदस्य सचिव |

४) गाउँपालिकाको आफ्नै भवन नरहेको तथा भाडामा लिईएको भवन पर्याप्त नरहेकोले अर्को व्यवस्था नहुँदा सम्मको लागी ईलाका वन कार्यालय रहेको जिर्ण भवन गाउँपालिकाले मर्मत, सम्भार गरिदिने र ईलाका वन कार्यालयको लागी पर्याप्त हुने कोठाहरु छोडी बाँकी कोठामा गाउँपालिकाको कृषि र, पशु स्वास्थ्य शाखा/ईकाई राखी संचालन गर्ने निर्णय गरियो ।

५) गाउँपालिका क्षेत्रका खाली सार्वजनिक जग्गामा वृक्षरोपण गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

८) विविध:

क) वडा नं. ४ को गाईघाट , मोहरिया सडकको पदम घना मगरको घर छेउ वाटो भत्किएर जोखिममा रहेकोले प्राविधिक इस्टिमेट प्राप्त भए पछि मर्मत सम्भार गर्ने निर्णय गरियो ।

ख) वडा नं. २ तालवारी मा रहेको कृषि भवन मर्मत संभार गरि अर्को व्यवस्था नभए सम्मको लागी एक कोठमा बाल बालिका लगायत लक्षित वर्गका समितिको सामूहिक कार्यालय संचलन गर्न दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
[illegible] कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४